वागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# बकुलहर रत्ननगर अस्पताल

प.स. २०८२/०८३
च.न.

बागमती प्रदेश
रत्ननगर -२,चितवन,नेपाल

**वोलपत्र आव्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०२/०१**

यस बकुलहर रत्ननगर अस्पतालमा **इलेक्ट्रोनिक मेडिकल रेकर्ड (EMR) प्रणाली** लागू गर्न आवश्यक पर्ने कम्प्युटर तथा इलेक्ट्रोनिक सामग्रीहरू वोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली उत्पादक, फर्म, कम्पनी, सप्लायर्स वा व्यवसायीहरूबाट देहायका सर्तहरूको अधीनमा रही रितपूर्वकको वोलपत्र आह्वान गरिन्छ।

**विस्तृत सर्तहरू (Terms and Conditions):**

- वोलपत्रदाताले फारम साथ निम्नलिखित कागजातहरूको प्रमाणित प्रतिलिपिहरू अनिवार्य रूपमा पेश गर्नुपर्नेछः
  - आर्थिक वर्ष २०८१/०८२ का लागि नवीकरण भएको व्यवसाय सञ्चालन इजाजतपत्र/दर्ता प्रमाणपत्र।
  - स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र।
  - आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate)।

- इच्छुक योग्य बोलपत्रदाताले यो सूचना प्रकाशित भएको मितिदेखि तोकिएको अन्तिम मिति र समयभित्र सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेबसाइट www.ppmo.gov.np/egp मार्फत वोलपत्र फारम डाउनलोड गरी विद्युतीय प्रणाली (e-GP) बाट मात्र सहभागी हुन सक्नेछन्।

- वोलपत्र फारम बापतको दस्तुर **रु. ५,०००/- (अक्षरेपीः पाँच हजार रुपैयाँ मात्र)** (पछि फिर्ता नहुने गरी) बोलपत्र खरिद तथा पेश गर्नको लागि तपशिल अनुसारको बोलपत्र दस्तुर रकम उल्लेखित मिति र समयमा यस बकुलहर रत्ननगर अस्पतालको **कार्यालय कोड न. ३७००१३१०१३ रास्ट्रीय वाणिज्य बैंक को खाता न. १०००२०००१०००० राजश्व शिर्षक न. १४२२९** मा जम्मा गर्नु पर्ने छ।

- दरभाउपत्र साथ जमानत बापत तोकिएको रकम **राष्ट्रिय वाणिज्य बैंक, भरतपुर** मा रहेको **कोष तथा लेखा नियन्त्रण कार्यालय (कोलेनिको), चितवन** को धरौटी खाता नम्बर १३१०१००२०२०३०००० (कार्यालय कोड नं. ३७००१३१०१३) मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ।

- बैंक ग्यारेन्टी (Bank Guarantee) पेश गर्ने हकमा वोलपत्र खोल्ने अन्तिम मितिदेखि कम्तीमा **१२० (एक सय बीस)** दिन सम्मको म्याद भएको र यस अस्पतालको नाममा जारी भएको बोलपत्र जमानत (Bid Bond) अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

डा.अंकुर पौडेल
मेडिकल निर्देशक

फोन न: ०५६-५६०५००  Web: brhospital.bagamati.gov.np  Email: rhospital.gov.np@gmail.com

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# बकुलहर रत्ननगर अस्पताल

प.स. २०८२/०८३
च.न.

बागमती प्रदेश
रत्ननगर -२,चितवन,नेपाल

- यस बोलपत्र को समय आपूर्ति गर्ने समय अवधि सामान्यतय एक आर्थिक वर्ष को भएता पनि अर्को आर्थिक वर्षको ठेक्का को सामान आपूर्ति नहुदा सम्म सोहि कवोल अंकमा नाबढने गरि सामान उपलब्ध गर्नु पर्ने छ ।
- सम्झौता गरी समयमा सामग्री आपूर्ति नगर्ने वा सर्त उल्लंघन गर्ने फर्म/कम्पनीलाई प्रचलित कानुन बमोजिम कालोसूची (Blacklist) मा राख्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाइनेछ।
- दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन प्रचलित कानुन अनुसार आफू अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी स्पष्ट रूपमा स्व-घोषणा पत्र पेश गर्नुपर्नेछ। उक्त स्व-घोषणा पत्र यो सूचना प्रकाशित भएको मिति पछिको हुनुपर्नेछ।
- सर्त रहेको, रित नपुगेको, म्याद नाघी आएको वा एउटा फर्म/संस्थाको नाममा खरिद गरिएको फारम अर्को फर्मको नामबाट बुझाउन खोजिएमा त्यस्ता वोलपत्रहरूमाथि कुनै कारबाही गरिने छैन।
- यस सूचनामा उल्लेख नभएका अन्य सम्पूर्ण बुँदाहरू र कानुनी प्रक्रियाहरू **सार्वजनिक खरिद ऐन, २०६३** र **सार्वजनिक खरिद नियमावली, २०६४** (संशोधन सहित) बमोजिम हुनेछन्।
- थप विस्तृत जानकारीका लागि कार्यालय समयभित्र यस अस्पतालको जिन्सी शाखा तथा लेखा शाखामा सम्पर्क राख्न सकिनेछ।

| सि.न. | ठे.न. | विवरण | जमानत रकम | वोलपत्र दस्तुर | वोलपत्र खरिद गर्ने अन्तिम मिति | वोलपत्र पेश गर्ने अन्तिम मिति | वोलपत्र खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | १९/२०८२/०८३ | कम्प्युटर तथा इलेक्ट्रोनिक सामग्रीहरु खरिद गर्न | ६,३३,०००।- छ लाख तेत्तिस हजार रुपयाँ मात्र | ५०००। को बैक भौचर दाखिला | २१ औं दिनको वैकिङ समय भित्र | २२ औ दिनको १२:०० वजे | २२ औ दिनको १:०० वजे | |

डा.अंकुर पौडेल
मेडिकल निर्देशक

फोन न: ०५६-५६०५०० Web: brhospital.bagamati.gov.np Email: rhospital.gov.np@gmail.com